## निर्णयहरु

१. नेपाल सरकारवाट देशको वर्तमान आर्थिक अवस्था र नेपाल सरकारको तत्कालको कार्यदिशा सम्बन्धी श्वेतपत्र जारी गर्ने मिति २०७२।०८।०८ को निर्णय नं. २ मा "२०७२ बैशाख १२ गतेको विनाशकारी भुकम्प र ततपश्चातको पराकम्पबाट पूर्णरुपमा घर क्षति भएका भूकम्प पीडित परिवारलाई जाडो याममा न्यानो कपडा खरीद गर्न नेपाल सरकारवाट मिति २०७२।०२।०२ मा स्वीकृत भूकम्प पीडितहरुको अस्थायी आवास, राहत वितरण तथा सोको अनुगमन सम्बन्धी कार्यदेशमा उल्लेख भएको विधि तथा प्रकृया बमोजिम वितरण गर्ने गरी प्रति परिवार रु. १०,०००/- (दश हजार रुपैयाँ) उपलब्ध गराउने र यसका लागि आवश्यक पर्ने रकम अर्थ मन्त्रालयले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष मार्फत गृह मन्त्रालयलाई निकासा दिने" उल्लेख भए बमोजिम रकम उपलब्ध गराउन सबै जिल्ला प्रशासन कार्यालयहरुलाई निर्देशन दिने । सोका लागि आवश्यक पर्ने बजेट प्रधानमन्त्री राहत कोषबाट भाग गरी जिल्ला दैवी प्रकोप उद्धार कोषमा रकम पठाउने ।

२. हिउँदको समयमा शीत-लहर तथा चिसोको कारणवाट तराईका जिल्लाहरुमा मानिसहरु विरामी हुने हुदाँ सो बाट बच्न पूर्वतयारीकोरुपमा जन चेतनामूलक कार्यक्रम संचालन गर्ने, चोक, टोल, केन्द्रहरुमा दाउरा बाली तातो बनाउन स्थानीय विकास मन्त्रालयले जि.वि.स., नगरपालिका, तथा गा.वि.स.हरुलाई शीत-लहरको प्रभाववाट बच्न पूर्वतयारी तथा पूर्व प्रबन्धका लागि आवश्यक व्यवस्था गर्न निर्देशन दिने । स्थानीय निकायहरु मार्फत विपन्न तथा गरिव परिवारहरुको पहिचानको आधारमा दाउराको प्रबन्ध सहुलियतरुपमा उपलब्ध गराउनका लागि वन तथा भू-संरक्षण मन्त्रालयलाई अनुरोध गर्ने ।

३. शीत-लहरवाट हुन सक्ने स्वास्थ्य सम्बन्धी समस्याहरुका विषय र अपनाउनु पर्ने निरोधात्मक उपायहरुका बारेमा सर्वसाधारणमा जानकारी दिने सन्देशहरु स्वस्थ्य तथा जनसंख्या मन्त्रालयले तयार गरी प्रशारण गर्ने गराउने व्यवस्था मिलाउने ।

४. शीत-लहरवाट अन्नबाली र पशुवस्तुहरुको क्षति न्यूनिकरणको व्यवस्था कृषि विकास मन्त्रालयले मिलाउने ।

५. तराईका बीस जिल्लाहरुमा शीत-लहरवाट प्रभावित अति विपन्न परिवारहरुलाई जिल्लामा कार्यरत मानवीय सहायता संस्थाहरुको समेत सहयोग लिई कम्बल लगायत न्यानो कपडा वितरण गर्ने र सचेतनामूलक सन्देश प्रशारण गर्ने व्यवस्था प्रमुख जिल्ला अधिकारीले मिलाउने ।

६. हाल शीत-लहरको जोखिम न्यूनीकरण लगायतका कार्यका लागि तराईका २० जिल्लाको दैवी प्रकोप उद्धार कोषमा थप रु. १० लाखका दरले निकासा दिने ।

७. वाणिज्य तथा आपूर्ति मन्त्रालयको च.नं. ३०६ मिति २०७२।०८।०४ को पत्रवाट लेखि आएबमोजिम जनवादी गणतन्त्र चिनको स्वसासित क्षेत्र तिब्वत सरकारले नेपाल सरकारलाई उपलब्ध गराउन लागेको खाद्य सामग्री नेपाल सरकारको तर्फबाट खाद्य संस्थानले चिनको नाकावाट बुझी लिने । ती सामग्री ढुवानी गर्न दुवानी भाडा केन्द्रीय दैवी प्रकोप उद्धार कोषबाट निकासा दिने । उक्त सामग्री हाल खाद्य संस्थानले प्रयोग गर्ने र सो सामग्रीको छुट्टै अभिलेख राखी विपद्को समयमा केन्द्रीय दैवी प्रकोप उद्धार समितिको निर्णय बमोजिम सोही परिमाण र गुणस्तरको खाद्य सामग्री उपलब्ध गराउने व्यवस्था मिलाउन वाणिज्य तथा आपूर्ती मन्त्रालयलाई स्वीकृती दिने । प्राप्त खाद्य सामग्रीको विवरण वाणिज्य तथा आपूर्ति मन्त्रालयले गृह मन्त्रालयलाई उपलब्ध गराउने ।

२०७२।०८।१४

८. केन्द्रीय दैवी प्रकोप उद्धार कोषवाट निम्न बमोजिम विभिन्न मन्त्रालय र जिल्ला दैवी प्रकोप उद्धार कोषमा निकासा गरिएको रकमको खर्च समर्थन गर्ने ।

गृह मन्त्रालय

केन्द्रिय दैवि प्रकोप उद्धार कोष

आ.व. ०७१।७२

## मिति २०७२।१।२० देखि २०७२।३।३१ सम्मको खर्च समर्थन विवरण

| आम्दानी | खर्च | वांकी |
|---|---|---|
| १२४१३६२९५४८.०३ | १२२५६१०६३५७.८१ | १५७५२३१९०.२२ |

खर्च समर्थन गराउनु पर्ने रकमको विवरण

| विवरण | रकम |
|---|---|
| जिल्ला दैवी प्रकोप उद्धार कोषलाई अनुदान | ९२२६१००००.०० |
| विभिन्न मन्त्रालय तथा सुरक्षा निकायहरुलाई भुकम्प राहत उद्धार कार्यका लागि अनुदान | १४०६६४६८०६.०० |
| वैंक कमिसन खर्च | ४४५४३००.०० |
| वि एण्ड वि ट्रेडर्स विल भुक्तानी(नेपाल पत्रकार महासंघ प्रेस काउन्सील छापा माध्यम राष्ट्रिय संन्जाल प्रेस चौतारी) | १०००००.०० |
| हेलिकप्टर भाडा विल भुक्तानी सैनिक हवाई महा निर्देशनालय मध्य एयर वेश गौचरलाई हेलिकप्टर भाडा रकम भुक्तानी | १५५२८००५.०० |
| हेलिकप्टर भाडा भुक्तानी श्री एयर डाइनेष्टी | ६५०६००.०० |
| औ.उ. खर्च मनमोहन मेमेरियल मेडीकल कलेज | १०५३९५१.०० |
| विविध तलब पारिश्रमिक | ७३२००.०० |
| जम्मा | १०६५४६०६८६२.०० |

चालु आ.व. ०७२।७३ को मिति २०७२ साउन १ देखि मंसिर १४ सम्मको खर्च समर्थन गराउनु पर्ने रकम

| आम्दानी | खर्च | वांकी |
|---|---|---|
| ३४८७४१२७०८.०९ | २८२२१२४१९९.१२ | ६६५२८७८०८.९७ |

| | | |
|---|---|---|
| १ | जिल्ला दैवी प्रकोप उद्धार कोषमा गएको जम्मा रु | २४६०१०५०००.०० |
| २ | वैंक कमिशन खर्च | १८३३२००.०० |
| ३ | विभिन्न हेलिकप्टर कम्पनीहरुलाई भाडा विल भुक्तानी | १२५०९३६३३.४७ |
| ४ | चट्याङ्ग घाईते उपचार खर्च सोधभर्ना | ७३०७८.०० |
| ५ | विविध तलब पारिश्रमिक | १२२०००.०० |
| ६ | शहरी विकास मन्त्रालयलाई अनुदान | २३४८९६५८७.६५ |
| | जम्मा | २८२२१२४१९९.१२ |